## <u>सर्वसाधारणको राय माग गरिएको सम्बन्धी सूचना</u>

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले **मुलुकी देवानी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**को मस्यौदा तयार गरेको छ। विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम उल्लिखित विधेयकको मस्यौदा तथा सो विधेयक तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव सर्वसाधारणको रायको लागि प्रकाशन गरिएको हुँदा सो विधेयकउपर मन्त्रालयद्वारा सञ्चालित सुझाव पोर्टल https://lawfeedback.moljpa.gov.np/ मार्फत् वा संलग्न ढाँचामा lawdrafting@moljpa.gov.np मा इमेल गरी पन्ध्र दिनभित्र आफ्नो राय उपलब्ध गराइदिनुहुन सम्पूर्ण सर्वसाधारणसमक्ष अनुरोध छ।

**विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम**

**मुलुकी देवानी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**

<u>तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव</u>

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

- हाल प्रचलनमा रहेको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ मा क्षेत्राधिकार नभएको भनी मुद्दा खारेज भएपछि क्षेत्राधिकार भएको अदालतमा पुनः फिराद लिई अर्को मुद्दा दायर गर्नुपर्ने व्यवस्था रहेकोमा सो व्यवस्थालाई सरलीकृत गरी अदालत आफैंले अधिकार क्षेत्र भएको अदालतमा तारेख तोकी पटाउने व्यवस्था गर्न।
- हाल कुनै मुद्दाको रोहमा कुनै लिखत किर्ते जालसाजी भन्ने दाबी परेमा अदालतले सो विषय बुझ्ने कानूनी व्यवस्था नरहेकोले अब कुनै मुद्दाको रोहमा कुनै लिखत किर्ते जालसाजी भन्ने दाबी परेमा अदालतले सोझै त्यस्तो विषयमा बुझी किर्ते जालसाज देखिए कसूर गर्ने व्यक्तिलाई सजाय गर्न सक्ने र लिखत सद्दे देखिए किर्ते वा जालसाजी दाबी गर्ने व्यक्ति उपर झुट्टा उजुरी दिनेलाई हुने सजाय गर्न सक्ने व्यवस्था गर्न,
- हाल जुन अदालतमा फिरादपत्र दर्ता भएको छ त्यस अदालतलाई त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकारक्षेत्र नरहेको देखिएमा अदालतले त्यस्तो मुद्दा खारेज गर्ने व्यवस्था रही वादीले सो मुद्दा पुनः सम्बन्धित अदालतमा दर्ता गर्न जानु पर्ने वा नपर्ने सम्बन्धी द्विविधा रहेको हुँदा सो व्यवस्था सहज बनाउन सम्बन्धित अदालतले संहिताको दफा ५७ बमोजिम त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनाराको लागि सम्बन्धित अदालतमा पठाउनु पर्ने व्यवस्था गर्न,
- फैसला कार्यान्वयनको अवस्थामा रहेको सम्बन्धित चल वा अचल सम्पत्ति मुद्दा चल्दा चल्दैको अवस्थामा कुनै किसिमबाट हस्तान्तरण गरिएको भए त्यस्तो कारोबार बदर गर्नको लागि मुद्दाको पक्षले अदालतमा निवेदन दिन सक्ने व्यवस्था थप गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभाव :**

मुद्दाको कारबाही, सुनुवाई र किनारा सम्बन्धी कार्यविधिगत व्यवस्था सहज र प्रभावकारी हुने ।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभाव :**

हाल प्रचलित मुलुकी देवानी कार्यविधि संहिता, २०७४ बमोजिमका प्रक्रियालाई थप सरलीकृत गर्न तयार गरिएको प्रस्तुत विधेयक हाल कायम रहेकै व्यवस्थाबाट कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासल गर्न पुग्ने सहयोग :**

देवानी कार्यविधि सम्बन्धी सरलीकृत व्यवस्थाले दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं १६ मा उल्लिखित विषय कार्यान्वयन गर्न सहज हुने र दिगो विकासको लागि सबैलाई न्यायमा पहुँच प्रदान गर्न सहयोग पुग्ने।

नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभाव :**

- देवानी कार्यविधि सम्बन्धी प्रक्रियागत व्यवस्थामा सहजता कायम हुने,
- मुद्दाको कारबाही, सुनुवाई र किनारा हुँदा अदालती प्रक्रियामा सरलता हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोग :**

नभएको।

**७. अन्य आवश्यक विषय :**

विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेको:-

- मुद्दा दायर गर्दा ईमेल वा मोबाइल नम्बर समेत दिएको रहेछ भने पछि अदालतबाट सोही नम्बरमा वा इमेलमा म्याद तामेली गर्न सक्ने व्यवस्था हाल नरहेको हुँदा अदालतबाट मुद्दा दायर गर्दा दिइएको नम्बरमा वा इमेलमा म्याद तामेली गर्न सक्ने,
- फैसला सुनिपाएको कागज नगरेको वा पुनरावेदनको म्याद तामेल नभएको अवस्था भए तापनि फैसला सम्बन्धित अदालतको वेबसाइटमा प्रकाशन भएको मितिले एक वर्ष नाघेपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानी पुनरावेदनको म्याद शुरु हुने,
- तारिख, बयान, मिलापत्र, दोहोरो पुनरावेदन परेमा हुने कारबाही लगायतका कार्यविधिगत व्यवस्थालाई थप सरलीकृत गर्ने।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

## मुलुकी देवानी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : मुलुकी देवानी कार्यविधि संहिता, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस संहिताको नाम "मुलुकी देवानी कार्यविधि (पहिलो संशोधन) संहिता, २०८२" रहेको छ।

(२) यो संहिता तुरून्त प्रारम्भ हुनेछ।

२. **मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १८ मा संशोधन** : मुलुकी देवानी कार्यविधि संहिता, २०७४ (यसपछि "मूल संहिता" भनिएको) को दफा १८ को उपदफा (२) को खण्ड (क) मा रहेका "बहाल, बाली वा बिगोको प्रश्न समावेश भएको वा" भन्ने शब्दहरू झिकिएका छन्।

३. **मूल संहितामा दफा १८क.थप** : मूल संहिताको दफा १८ पछि देहायको दफा १८क. थपिएको छः-

"१८क. **बढी अचल सम्पत्ति रहेको जिल्ला अदालतलाई अधिकारक्षेत्र हुने** : (१) एकासगोलका अंशियारहहरूले एकभन्दा बढी जिल्ला अदालतमा अंश मुद्दा दायर गरेको देखिएमा वादी प्रतिवादीबाट पेस भएको फाँटवारीबाट बण्डा गर्नुपर्ने अचल सम्पत्ति सबै भन्दा बढी देखिएको जिल्लाको जिल्ला अदालतलाई त्यस्तो अंश मुद्दा हेर्ने अधिकारक्षेत्र हुनेछ।

(२) उपदफा (१) बमोजिम अधिकारक्षेत्र भएको अदालतले अन्य अदालतबाट त्यस्तो अंश मुद्दा आफूसमक्ष स्थानान्तरण गर्न लगाई एकासगोलका अंशियारहरूको सबै अंश मुद्दा एकै पटक फैसला गर्नु पर्नेछ।"

४. **मूल संहिताको दफा ३६ मा संशोधन** : मूल संहिताको दफा ३६ को उपदफा (२) को ठाउँ ठाउँमा रहेका "पचास हजार" भन्ने शब्दहरूको सट्टा "एक लाख" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल संहिताको दफा ५७ मा संशोधन** मूल संहिताको दफा ५७ को सट्टा देहायको दफा ५७ राखिएको छ :-

"५७. **अधिकारक्षेत्र भएको अदालतमा पठाउनु पर्ने** : (१) कसैले कुनै अदालतमा निवेदन वा फिरादपत्र दायर गरेकोमा त्यस्तो निवेदन वा फिरादपत्रको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार क्षेत्र भएको नदेखिएमा त्यस्तो अदालतले तत् सम्बन्धी कारबाही, सुनुवाई र किनारा गर्नको लागि अधिकारक्षेत्र भएको अदालतमा पठाउने आदेश गरी मुद्दाका पक्षहहरूलाई

हाजिर हुन जानु भनी तारिख तोकी त्यस्तो त्यस्तो निवेदन वा फिरादपत्र अधिकारक्षेत्र भएको अदालतमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश सहितको निवेदन वा फिरादपत्र प्राप्त भएमा अधिकारक्षेत्र भएको अदालतले मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।"

६. मूल संहिताको दफा १०७ मा संशोधन : मूल संहिताको दफा १०७ को उपदफा (१) को अन्त्यमा देहायको स्पष्टीकरण थपिएको छः-

"स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "अभिलेख गर्न सकिने उपाय" भन्नाले मुद्दाको पक्षले फिरादपत्र वा प्रतिउत्तर पत्र दर्ता गर्दा भरेको स्वघोषणा फाराममा खुलाएको मोबाइल नम्बर वा इमेल ठेगानामा अदालतबाट म्याद वा सूचनाबारे पक्षलाई जानकारी गराएको र त्यस्तो म्याद वा सूचना पक्षको मोबाइल वा इमेल ठेगानामा पुगेको देखिने विद्युतीय सूचना सम्झनु पर्छ।"

७. मूल संहिताको दफा ११५ मा संशोधन : मूल संहिताको दफा ११५ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अदालतको प्रादेशिक अधिकारक्षेत्र भन्दा बाहिर रहे बसेको व्यक्तिको मोबाइल नम्बर वा इमेल ठेगाना मिसिलबाट खुलेको अवस्थामा त्यस्तो मोबाइल नम्बर वा इमेल ठेगाना निजको हो भन्ने यकिन गरी अदालतबाट तामेल गर्नु पर्ने म्याद वा सूचना निजको मोबाइल वा इमेल ठेगानामा पठाउन सकिनेछ र त्यस्तो म्याद वा सूचना सम्बन्धित व्यक्तिको मोबाइल वा इमेल ठेगानामा पुगेको देखिने विद्युतीय सूचना मिसिलमा राखिएको रहेछ भने त्यस्तो म्याद वा सूचना तामेल भएको मानिनेछ।"

८. मूल संहिताको दफा १३३ मा संशोधन : मूल संहिताको दफा १३३ को सट्टा देहायको दफा १३३ राखिएको छ :-

"१३३. हकदैया नभएको वा हदम्यादभित्र दायर नभएको मुद्दा खारेज हुने : (१) दफा १३२ बमोजिम सुनुवाई गर्दा फिरादपत्र दर्ता गर्ने हकदैया नभएको वा हदम्यादभित्र मुद्दा दायर नभएको देखिएमा अदालतले त्यस्तो मुद्दा खारेज गर्ने फैसला गर्नु पर्नेछ।

तर मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकारक्षेत्र आफूमा नरही अन्य अदालतमा रहेको देखिएमा त्यस्तो मुद्दा खारेज नगरी कारबाही, सुनुवाई र किनाराको लागि दफा ५७ बमोजिम सम्बन्धित अदालतमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा खारेज गर्ने फैसला भएमा त्यस्तो मुद्दाको कारबाही अन्त्य हुनेछ।"

९. <u>मूल संहिताको दफा १३४ मा संशोधन</u> : मूल संहिताको दफा १३४ को उपदफा (३) को सट्टा देहायका उपदफा (३) राखिएका छन्:-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि हदम्याद वा हकदैया नभएको भनी निवेदन वा फिराद खारेज भएमा सो फैसला उपर पुनरावेदन सुन्ने अदालतमा दफा २०५ बमोजिम पुनरावेदन गर्न र अन्य आदेश भएमा दफा १५७ बमोजिम निवेदन दिन बाधा पुगेको मानिने छैन।"

१०. <u>मूल संहिताको दफा १४१ मा संशोधन</u> : मूल संहिताको दफा १४१ को उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) र (२) जुनसुकै कुरा लेखिएको भए तापनि तर अंश मुद्दाको हकमा मुलुकी देवानी संहिता, २०७४ को दफा २२५ बमोजिम गर्नु पर्नेछ र सरकारी वा सार्वजनिक जग्गामा भोग देखाई फाँटबारी पेस गरेको वा त्यस्तो जग्गा मिचेको वा खिचोला गरेको भन्ने मुद्दामा यस दफाबमोजिम डिसमिस नगरी ठहरेबमोजिम फैसला गर्नु पर्नेछ।"

११. <u>मूल संहिताको दफा १५३ मा संशोधन</u> : मूल संहिताको दफा १५३ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिम वारिसनामा प्रमाणित गराउन चाहनेले वारिसनामाको कागजमा आफ्नो र वारिस नियुक्त हुने व्यक्तिको फोटो टाँसी वारिस लिने दिने नेपाली नागरिक भए नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानीको प्रतिलिपी र नेपाली मूलको विदेशी नागरिक भए गैर आवासीय नेपालीको परिचयपत्र वा गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि जिल्ला न्यायाधीश वा नेपाली राजदूताबास वा महावाणिज्य दूतावाससमक्ष पेस गर्नु पर्नेछ।"

(२) उपदफा (४) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर नेपाली राजदूतावास वा महावाणिज्य दूतावाससमक्ष वारिसनामा प्रमाणित गर्दा लाग्ने दस्तुर नेपाल सरकारको परराष्ट्र मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरेबमोजिम हुनेछ।"

१२. <u>मूल संहिताको दफा १५४ मा संशोधन</u> : मूल संहिताको दफा १५४ को उपदफा (५) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्याशं थपिएको छ :-

"तर नेपाली राजदूतावास वा महावाणिज्य दूतावाससमक्ष अख्तियारनामा प्रमाणित गर्दा लाग्ने दस्तुर नेपाल सरकारको परराष्ट्र मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरेबमोजिम हुनेछ।"

१३. <u>मूल संहिताको दफा १७२ मा संशोधन</u> : मूल संहिताको दफा १७२ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छ :-

"(८) उपदफा (७) बमोजिम प्रमाण कागज जाँच भई आए पछि पक्षले दाबी गरेको कुरा प्रमाणित भएमा किर्ते वा जालसाजी गर्ने पक्षलाई अदालतले सोही मुद्दाबाट मुलुकी अपराध संहिता, २०७४ को भाग-२ को परिच्छेद-२५ बमोजिमको सजाय गर्न र दाबी प्रमाणित हुन नसकेमा किर्ते वा जालसाजी दाबी गर्ने पक्षलाई सोही संहिताको दफा ९८ बमोजिम झुट्टा उजुरी दिएको कसूरमा हुने सरहको सजाय गर्न सक्नेछ।"

१४. <u>मूल संहिताको दफा १७५ मा संशोधन</u> : मूल संहिताको दफा १७५ को सट्टा देहायको दफा १७५ राखिएको छः-

"१७५. <u>बयान लिई कारबाही, सुनुवाई र किनारा गर्नु पर्ने</u> : (१) कुनै देवानी मुद्दामा प्रतिवादीको प्रतिउत्तरपत्र वा बयानबाट प्रचलित कानूनबमोजिम फौजदारी कसूर कायम हुने मुद्दा सोही मिसिलबाटै पक्षको बयान गराई मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।

(२) प्रचलित कानूनबमोजिम कुनै खास किसिमका मुद्दा मात्र हेर्ने अधिकार पाएको अदालतले सोही कानून बमोजिमका मुद्दा मात्र कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।

तर फौजदारी कसूर कायम हुने मुद्दा सोसम्बन्धी शुरू मुद्दा हेर्ने सम्बन्धित जिल्ला अदालतमा कारबाही, सुनुवाई र किनारा गर्न पठाउनु पर्नेछ।"

१५. <u>मूल संहिताको दफा १९३ मा संशोधन</u> : मूल संहिताको दफा १९३ को उपदफा (१) पछि देहायका उपदफा (१क) र (१ख) थपिएका छन्:-

"(१क) मुद्दा मिलापत्रको लागि पक्ष अदालतमा उपस्थित भएको दिन तारिख नतोकिएको भए तापनि तारिख अघि सारी मिलापत्र गरिदिन वा मुद्दाको कुनै पक्ष उपस्थित नभएको वा नझिकाइएको वा तारिख गुजारेर बसेको भए पनि मिलापत्रको लागि मुद्दामा सहभागी हुन पाउँ भनी निवेदन दिएमा अदालतले मिलापत्रको प्रयोजनको लागि त्यस्तो पक्षलाई समेत उपस्थित हुन अनुमति दिई मिलापत्र गराइ दिन सक्नेछ।

(१ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फैसला कार्यान्वयनको चरणमा समेत पक्षहरूले मिलापत्र गर्न अदालतमा संयुक्त निवेदन दिएमा अदालतले मिलापत्र गराई दिन सक्नेछ।"

१६. **मूल संहिताको दफा १९६ मा संशोधन** : मूल संहिताको दफा १९६ को उपदफा (१) मा रहेका "नेपाल सरकार वादी हुने" भन्ने शब्दहरू पछि "वा नेपाल सरकारको हित वा सरोकार रहेको" भन्ने शब्दहरू थपिएका छन्।

१७. **मूल संहितामा दफा १९६क.थप** : मूल संहिताको दफा १९६ पछि देहायको दफा १९६क. थपिएको छ :-

"१९६क.**नाताको विवाद निरूपण गरी फैसला गर्नुपर्ने** : प्रचलित कानूनबमोजिम अंश पाउँ वा सम्बन्ध विच्छेद गरी पाउँ भन्ने मुद्दामा प्रतिवादीले वादीसँगको नातामा विवाद उठाएमा सो प्रश्न निरूपण गरेर मात्र अंश वा सम्बन्ध विच्छेदको विवादमा फैसला गर्नु पर्नेछ।

तर सो मुद्दासँग सम्बन्धित अन्य प्रमाण सङ्कलनमा बाधा परेको मानिने छैन।"

१८. **मूल संहिताको दफा २०० मा संशोधन** : मूल संहिताको दफा २०० को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) उपदफा (३) को प्रयोजनको लागि फैसला गर्दाको बखत मुद्दाको पक्ष आफैं वा निजको वारिस उपस्थित भएको रहेछ भने मुद्दाको पक्ष उपस्थित भएको मानिनेछ।"

१९. **मूल संहिताको दफा २०५ मा संशोधन** : मूल संहिताको दफा २०५ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फैसला सुनिपाएको कागज नगरेको वा पुनरावेदनको म्याद तामेल नभएको अवस्था भए तापनि त्यस्तो फैसला सम्बन्धित अदालतको वेबसाइटमा प्रकाशन भएको मितिले एक वर्ष नाघेपछि पक्षले फैसला भएको थाहा पाएको मानी पुनरावेदनको म्याद प्रारम्भ भएको मानिनेछ।"

२०. **मूल संहिताको दफा २१३ मा संशोधन** : मूल संहिताको दफा २१३ को उपदफा (३) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर दोहोरो पुनरावेदन परेको रहेछ भने सोही दिन फैसला गर्न वा दुवै पक्षको पुनरावेदन एक अर्कोलाई म्याद तामेल गरी अर्को मिति तोकी सुनुवाई गर्न बाधा पर्ने छैन।"

२१. **मूल संहिताको दफा २२५ मा संशोधन** : मूल संहिताको दफा २२५ को,-

(१) उपदफा (१क) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१)" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ:-

"(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि मृत्यु भएको वा होस ठेगानमा नरहेको वा बेपत्ता भएको व्यक्तिले एक्काइस दिन भन्दा पछि अदालतमा उपस्थित हुने गरी तारिख लिएको भए त्यस्तो व्यक्तिको हकवालाले सोही तारिखको दिन मुद्दा सकार गर्न बाधा पर्ने छैन।"

२२. <u>मूल संहिताको दफा २३८ मा संशोधन</u> : मूल संहिताको दफा २३८ को उपदफा (१२) मा रहेका "सात दिने" भन्ने शब्दहरू झिकिएका छन्।

२३. <u>मूल संहिताको दफा २४२ मा संशोधन</u> : मूल संहिताको दफा २४२ को उपदफा (१४) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर माना चामल भराए बापत अदालतले त्यस्तो दस्तुर लिने छैन।"

२४. <u>मूल संहितामा दफा २४२क.थप</u> : मूल संहिताको दफा २४२ पछि देहायको दफा २४२क. थपिएको छः-

"२४२क. <u>निवेदनबाट कारबाही हुन सक्ने</u> : (१) फैसला कार्यान्वयनको अवस्थामा रहेको कुनै मुद्दासँग सम्बन्धित चल वा अचल सम्पत्तिको हक मुद्दा चल्दा चल्दैको अवस्थामा कुनै किसिमबाट हस्तान्तरण गरिएको भए त्यस्तो कारोबार बदर गर्नको लागि मुद्दाको पक्षले अदालतमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा अदालतले त्यस्तो सम्पत्ति लेनदेन, हक हस्तान्तरण गर्ने व्यक्तिलाई सात दिनको म्याद बुझाई सोही मुद्दाको मिसिलबाट कारबाही र किनारा गर्नु पर्नेछ।"

२५. <u>मूल संहिताको दफा २४९ मा संशोधन</u> : मूल संहिताको दफा २४९ को उपदफा (२) मा रहेका "भाखा गराई दिएको" भन्ने शब्दहरूको सट्टा "मानाचामल भराई दिएको" भन्ने शब्दहरू राखिएका छन्।

२६. <u>मूल संहिताको दफा २५२ मा संशोधन</u> : मूल संहिताको दफा २५२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) फैसला कार्यान्वयन गर्ने कार्यमा अवरोध गर्ने व्यक्तिलाई अदालतले न्याय प्रशासन सम्बन्धी प्रचलित कानूनबमोजिम अदालतको अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ।"

२७. <u>मूल संहिताको दफा २६१ मा संशोधन</u> : मूल संहिताको दफा २६१ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छ :-

"(३) नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतको निकाय वा संवैधानिक निकायको हित वा सरोकार जोडिएको कुनै पनि विषयमा सो निकाय वा सो मातहतको परियोजनाको तर्फबाट महान्यायाधिवक्ताले तोकेको सरकारी वकीलले मध्यस्थता सम्बन्धी प्रचलित कानूनबमोजिम गठन भएको मध्यस्थता समक्ष बहस पैरवी र प्रतिरक्षा गर्नेछ ।

तर प्रदेश सरकार वा स्थानीय तहको हकमा प्रचलित कानूनबमोजिम तोकिएको वा खटिएको वकीलले बहस पैरवी र प्रतिरक्षा गरी दिन सक्नेछ।"